## तामाकोशी गाउँ कार्यपालिका

### बैठक नं. ४६

तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोणप्रताप के.सी.को अध्यक्षतामा गाउँ कार्यपालिकाका सदस्य लगायत तपसिलको उपस्थितिमा मिति २०८१ पौष २८ गते आईतवार बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोणप्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सुवेदी | | ९८४३८२७५३० |
| ३ | सदस्य (वडाध्यक्ष वडा नं. १) | श्री बसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | सदस्य (वडाध्यक्ष वडा नं. २) | श्री ईश्वर राज कार्की | | ९८४९७७७६६३ |
| ५ | सदस्य (वडाध्यक्ष वडा नं. ३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | सदस्य (वडाध्यक्ष वडा नं. ४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७ | सदस्य (वडाध्यक्ष वडा नं. ५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | सदस्य (वडाध्यक्ष वडा नं. ६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | सदस्य (वडाध्यक्ष वडा नं. ७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | सदस्य | श्री रिता पोखरेल | रिता | ९७४२८५४६४९ |
| ११ | सदस्य | श्री सुनिता विश्वकर्मा | | ९८०७६९३४८८ |
| १२ | सदस्य | श्री ईन्दिरा कार्की | इन्दिरा | ९७४५६७००९३ |
| १३ | सदस्य | श्री संगिता बि.क. | | ९८६३२३६२५४ |
| १४ | सदस्य | श्री नरध्वज सुनुवार | | ९८४४३०४४५४ |
| १५ | सदस्य | श्री सुमन मिजार | | ९८६१३७६८७३ |
| १६ | नि.प्र.प्र.अधिकृत | श्री विमल प्रसाद निरौला | | ९८५१२४९२०४ |

Scanned with CamScanner

प्रोण प्रताप के.सी.
अध्यक्ष

## छयालिसौ बैठक

### मिति २०८१ पौष २८ गतेको तामाकोशी गाउँ कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु:**

१. ऐन, नियम र कार्यविधिहरु पेश गर्ने सम्बन्धमा ।
२. विनियोजना भएका शीर्षक र खर्च भई बाकीं आउने रकम रकमान्तर सम्बन्धमा ।
३. तहबृद्धि सम्बन्धमा ।
४. वैठकका निर्णयहरुलाई अभिलेखिकरण गर्ने सम्बन्धमा ।
५. लागत सहभागीता वापतको दोस्रो र अन्तिम किस्ता सिफारिस सम्बन्धमा ।
६. झोलुङ्गे पुलको आवश्यक प्रकिया अंगाडी वढाउने सम्बन्धमा ।
७. कृषि/पशु विकास शाखा तर्फको विज्ञापनको परिक्षा व्यव्सथापन सम्बन्धमा ।
८. LISA तर्फ पेश गरिएको मुल्याङकन सार्वजनिकरण गर्ने सम्बन्धमा ।
९. वडा नं ३ को भवन व्यव्सथापन सम्बन्धमा ।
१०.राष्ट्रपती रनिङशिल्ड प्रतियोगिताको खर्च रकम सम्बन्धमा ।
११.जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धमा ।
१२. विपदको लागी प्राप्त रकम सम्बन्धमा ।
१३. सीपमुलक तालिम कार्यक्रम सञ्चालनको लागि लागत साझेदारी सम्बन्धमा ।
१४. ईन्धन रकम भुक्तानी सम्बन्धमा ।
१५. वेरुजु फस्छौट उपसमिति गठन सम्बन्धमा ।
१६. कार्यरत कर्मचारिको लागि थप सेवा सुविधा सम्वन्धमा ।
१७. सवारी साधन मर्मत संहार सम्वन्धमा ।
१८. सवारी साधन भाडा निर्धारण समिति गठन सम्बन्धमा ।
१९. नदिजन्य पदार्थ उत्खन्न , संकलन तथा बिक्रि वितरण अमानतबाट गर्ने सम्वन्धी कार्यविधि २०८१

निर्णय नं. १

विधायन समिति मार्फत तयार भएका र छलफलमा लानुपर्ने विभिन्न विषयका ऐन, नियम र कार्यविधिहरु पेश गर्ने ।

निर्णय नं. २

प्राप्त हुन आएको वार्षिक आय व्ययको समीक्षा गरिए अनुसार विनियोजन भएका शीर्षक र खर्च भई बाँकी हुन आउने रकम रकमान्तर गर्नुपर्ने भए सो पेश गर्न शाखाहरुलाई निर्देशन दिने ।

प्रोण प्रताप के.सी.

द्रोण प्रताप के.सी.
अध्यक्ष

निर्णय नं. ३

बागमती प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन २०७९ को दफा ९ र ३० को उपदफा(१) बमोजिम स्थानीय सेवाको पदमा कार्यरत कर्मचारीको तहबृद्धि गर्ने कानुनी व्यवस्था बमोजिम उल्लेखित ऐनको दफा ३० मा तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधी पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत ९५ प्रतिशत अङ्क प्राप्त गरेका देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सेवाका कर्मचारिलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमुह भित्र स्तर बृद्धिको व्यवस्था गरेको देखिन्छ ।

| क्र.स. | हालको तह | तह बृद्धि हुने तह | न्युनतम शैक्षिक योग्यता | अन्य स्थानीय सेवा |
|---|---|---|---|---|
| १. | पाँचौ | अधिकृत स्तर छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण तह वा कक्षा १२ वा सो सरह उतीर्ण | |

सोही ऐनमा तह बृद्धि गर्दा प्रत्येक वर्षको साउन १ गते र माघ १ गते देखी लागु हुने गरी गर्नुपर्नेछ भन्ने व्यवस्था समेत रहेको छ। नियुक्ति मिति देखि जेष्ठता कायम हुने गरी र मिति २०८१ माघ १ गते देखि लागु हुने गरी तपसिल बमोजिमका कर्मचारीहरुको स्तर बृद्धिको आश्यक प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने ।

तपसिलः

| क्र.स. | कर्मचारीको नाम थर | हालको तह | तहबृद्धि हुने तह | नियुक्ती मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | बिधान आचार्य | पाचौं | छैटौं | २०७६/०९/०७ | |
| २. | नेत्र वहादुर बस्नेत | पाचौं | छैटौं | २०७६/०९/०२ | |

निर्णय नं. ४

वार्षिक, अर्धवार्षिक तथा समय समयमा हुने समिक्षा वैठकका निर्णयहरुलाई अभिलेखिकरण गरी दुरुस्त राख्न सम्पूर्ण शाखाहरुलाई निर्देशन दिने ।

निर्णय नं. ५

तामाकोशी गा. पा. वडा न १, ३, ४ र ५ का मनसुन्जन्य र आगलागीजन्य विपद् बाट क्षति भई पुनर्निमाण र प्रवलिकरणका लाभग्राहीहरुको दोस्रो र अन्तिम किस्ता वापत संघ, प्रदेश र स्थानीय तहको क्रमश : ६०%, ३०% र १०% प्रतिशत लागत साझेदारी वापतको रकम मनसुन्जन्य विपद् प्रभावित निजि आवस पुनर्निमाण तथा पुनस्थापना अनुदान कार्यविधि, २०७७ र आगलागीजन्य विपद् प्रभावित निजि आवस पुर्निमाण तथा पुनस्थापना अनुदान कार्यविधि, २०७८ वमोजिम पुनर्निमाणको हकमा हिमालि जिल्लामा रु ५ लाख र प्रवलिकरणको लागि रु ५० हजार अनुदान रकमको गाउँपालिको हकमा जम्मा अनुदान रकमको १०% लागत साझेदारी वापतको रकम रु २,८०,०००. जिल्ला प्रशासन कार्यालयलाई दोस्रो र तेस्रो किस्ता वापतको रकम तपशिल बमोजिमका लाभग्राहीहरुको अनुदान वापतको रकम जिल्ला विपद् व्यवस्थापन कोषमा उपलब्ध गराउने निर्णय गरियो ।

द्रोण प्रताप के.सी.
अध्यक्ष

Scanned with CamScanner

द्रोण प्रताप के.सी.
अध्यक्ष

तपशिल

| क्र. स. | लाभग्राहीको नाम | पि ए नम्बर | निर्माणको किसिम | जम्मा अनुदान रकम रु | दोस्रो र तेस्रो किस्ता | १०% साझेदारी पहिलो किस्ता वापत रकम रु |
|---|---|---|---|---|---|---|
| १ | दान बहादुर राउत | 3-301-30106-1-79-2 - 06460 | पुनर्निमाण | ५००००० | ४५०००० | ४५००० |
| २ | कृष्ण माया काफ्ले | 3-301-30106-3-79-2 - 06488 | पुनर्निमाण | ५००००० | ४५०००० | ४५००० |
| ३ | खुन बहादुर श्रेष्ठ | 3-301-30106-4-79-1 - 06540 | पुनर्निमाण | ५००००० | ४५०००० | ४५००० |
| ४ | धिरज बाबु खडका | 3-301-30106-4-79-2 - 06471 | पुनर्निमाण | ५००००० | ४५०००० | ४५००० |
| ५ | तारानाथ चौलागाई | 3-301-30106-5-79-1 - 06465 | पुनर्निमाण | ५००००० | ४५०००० | ४५००० |
| ६ | राम बहादुर घिमिरे | 3-301-30106-6-79-1 - 06463 | पुनर्निमाण | ५००००० | ४५०००० | ४५००० |
| ७ | शम्भु पाखीन | 3-301-30106-2-79-1- 06468 | प्रवलिकरण | ५०००० | ५०००० | ५००० |
| ८ | तिलक बहादुर महत | 3-301-30106-3-79-2- 06470 | प्रवलिकरण | ५०००० | ५०००० | ५००० |
| | जम्मा रकम रु | | | | | २,८०,०००/- |

**निर्णय नं. ६**

ढोलिखोला, विमिरे चनौटे तामाकोशी गाउँपालिका वडा नं. १ भिरकोट र वडा नं. ३ जफे जोड्ने झोलुङ्गे पुल निर्माणको लागि रु. ५० लाख रकम स्वीकृत भएकोमा सो को डिपिआर निर्माणको लागि रु २ लाख रकम पालिकाबाट विनियोजन गरिएकोले आवश्यक प्रक्रिया अघि बढाउन प्राविधिक शाखालाई निर्देशन दिने ।

**निर्णय नं. ७**

यसपूर्व सम्पूर्ण प्रकृया पुरा गरी परीक्षा सञ्चालनको अवस्थामा पुगेको कृषि तर्फको विज्ञापनको परीक्षाको सञ्चालन व्यवस्थापन कार्य अघि बढाउन कृषि/पशु विकास शाखालाई निर्देशन दिने ।

**निर्णय नं. ८**

स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन(LISA) तर्फ हालसम्म पेश गरिएको प्रमाणको आधारमा मूल्याङ्कन हुँदा कुल प्राप्ताङ्क ६९ दशमलव ७५ अङ्क प्राप्त हुन आएकोले सो को सार्वजनिकरण गर्न शाखालाई निर्देशन दिने ।

द्रोण प्रताप के.सी.
अध्यक्ष

Scanned with CamScanner

प्रोण प्रताप के.सी.
अध्यक्ष

निर्णय नं. ९

वडा नं. ३ को भवन माथी ट्रस्ट थप गर्न व्यवस्थापनको प्रक्रिया अघि बढाउन प्राविधिक शाखालाई निर्देशन दिने ।

निर्णय नं. १०

राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको लागि विनियोजन भएको १८ लाख रकमले विशेष कारण ३ दिनको कार्यक्रम निर्धारण गरिएकोमा ५ दिन लागेका कारण थप हुन गएको खर्च विवरण अनुसार नपुग हुन जाने रु. ५ लाख र खेल मैदान मर्मत तथा सुधारतर्फ खर्च भएको रकम रु. १ लाख समेत भुक्तानीका लागि रकम विनियोजन गर्न गाउँसभामा सिफारिस गर्ने ।

निर्णय नं. ११

ज्येष्ठ नागरिक परिचयपत्र वितरणलाई सहजिकरण गर्न वडा कार्यालयहरुबाटै आवश्यक कागजात सहितको सिफारिसको आधारमा पालिकाले प्रमाणित गरिदिएका परिचयपत्रहरु सम्बन्धित वडाबाट नै वितरण गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. १२

विपदका लागि प्राप्त रु.१० लाख रकमको प्रयोगका लागि विपद व्यवस्थापन शाखालाई तत्कालै विपद व्यवस्थापन समितिको बैठक राखि निर्णयमा पुऱ्याउन सम्बन्धित शाखालाई निर्दशन दिने ।

निर्णय नं. १३

सामाजिक विकास मन्त्रालय, प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवंम् तालिम परिषद् मार्फत सञ्चालन हुने छोटो अवधीको सीपमूलक तालिम कार्यक्रम सञ्चालनको लागि स्विकृत हुने रकमको ४० प्रतिशत लागत साझेदारी तथा रकमको सुनिश्चितता गर्ने ।

निर्णय नं. १४

आव २०८१/०८२ को मंसिर महिनादेखि लागु हुनेगरी सुविधा वापत यातायात साधन प्राप्त गर्नुभएका जनप्रतिनिधितर्फ र आफ्नो साधन भएका र सवारी साधन सञ्चालन गर्ने अनुमति प्राप्त गरी नियमानुसार कार्यालयमा अभिलेखीकरण गरेका साधन भएका कर्मचारीहरुलाई कार्यविधिमा तोकिएको इन्धन वापतको कुपनको सट्टा सो बराबरको रकम तलव भत्ता भुक्तानी गर्दा नै उपलब्ध गराउने ।

प्रोण प्रताप के.सी.

Scanned with CamScanner

निर्णय नं. १५

वेरुजु फर्छ्यौटका लागि आर्थिक समितिका संयोजक बसन्त बहादुर थापा क्षेत्रीको संयोजकत्वमा लेखा शाखाबाट सहायक लेखा अधिकृत राम बहादुर कार्की सदस्य र कर्मचारी प्रशासन शाखाबाट अधिकृत छैटौं नेत्र बहादुर बस्नेत सदस्य रहने गरी ३ जनाको एक उपसमिति गठन गर्ने र बढी भन्दा बढी गृहकार्य गरी प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्न निर्देशन दिने ।

निर्णय नं. १६

कार्यरत कर्मचारीहरुको लागि थप सेवा सुविधा के कति गर्न सकिन्छ ? अध्ययन गरी लेखा शाखालाई बजेटको सुनिश्चितता हुने राय सहित गाउँसभामा पेश गर्न निर्देशन दिने र सो संग सम्वन्धित विधायन समितिबाट पेश हुन आएको कार्यबिधि छलफल तथा स्विकृतिका लागि गाउँसभामा पेश गर्ने ।

निर्णय नं. १७

गाउँपालिका प्रमुख तथा उपप्रमुखबाट कार्यालयं प्रयोजनमा समेत प्रयोग हुँदै आएका सवारी साधनहरुको मर्मत, संहार गरी दुरुस्त राखिराख्ने प्रयोजनका लागि कार्यालयको अनुमतिमा आवश्यक प्रक्रिया पुरा गरी व्यवस्थापन गर्न सम्पति तथा भण्डार शाखालाई निर्देशन दिने ।

निर्णय नं. १८

पालिकाभित्र वा बाहिर तत्काल सवारी साधन भाडामा लिइ प्रयोग गर्ने प्रयोजनका लागि लेखा शाखाको संयोजकत्वमा भाडा निर्धारण समिति गठन गर्ने र उक्त समिति मार्फत कार्यपालिकामा १५ दिन भित्रमा कार्यविधि पेश गर्न निर्देशन दिने ।

निर्णय नं. १९

यस गाउँपालिकाको क्षेत्र भित्र रहेको आ.व. २०८१/०८२ मा ढुङ्गा गिटि बालुवा उत्खन्न कार्यको लागि ढोलीखोला तामाकोशी दोभान, गोपीखोला तामाकोशी दोभान र खिम्तिखोला तामाकोशी दोभान मिति २०८१/०४/०२ गते गाउँपालिका बाट E-Bidding मार्फत बोल पत्र आव्हान गर्दा ढोलीखोला तामाकोशी दोभान क्षेत्र चतुररुप निर्माण सेवालाई परेको र बाकी गोपीखोला तामाकोशी दोभान र खिम्तिखोला तामाकोशी दोभान क्षेत्रमा कुनै पनी फर्महरु नपरेको हुदा दोस्रो पटक मिति २०८१/०५/२० गते र तेस्रो पटक मिति २०८१/१०/०२ गते बोल पत्र आव्हान गर्दा पनि कुनै फर्महरु नपरेको हुदा कार्यपालिकाबाट मिति २०८०/१०/२८ मा स्विकृत गरेको "नदिजन्य पदार्थ उत्खन्न/संकलन, व्यवस्थापन तथा बिक्रि वितरण अमानतबाट गर्ने सम्बन्धी कार्यबिधि २०८०"मा नसोमेटिएका तथ्य समेत समावेश गरी कार्यबिधि संसोधन तथा छलफलका लागि गाउँसभामा पेश गर्ने ।

Scanned with CamScanner